# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
## पदपूर्ति समिति
जावलाखेल, ललितपुर ।

## पदपूर्ति सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति २०७९/११/१२

लोक सेवा आयोगको सहमति अनुसार प्रतिष्ठानमा रिक्त रहेका तपशिलमा उल्लिखित पदहरुमा कार्यक्षमताको मूल्यांकनद्वारा बढुवा, आन्तरिक प्रतियोगिता, खुला प्रतियोगिता र काजद्वारा स्थायी पूर्ति गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। खुला प्रतियोगितात्मक परीक्षाको लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कर्मचारी सेवा नियमावली २०७२ को नियम ४.६को उपनियम (१) अनुसारको न्यूनतम योग्यता पूरा भएको ईच्छुक नेपाली नागरिकहरुवाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र र दोब्बर दस्तुर तिरी अर्को ७ (सात) दिन भित्र नेपाली नागरिकता र शैक्षिक योग्यता सम्वन्धी प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी प्रतिष्ठानवाट निर्धारित दरखास्त फाराम भरी परीक्षा दस्तुर रु.१०००।- (अक्षेरुपी एक हजार मात्र ) प्रतिष्ठानको नेपाल बैंक लिमिटेड जावलाखेल, ललितपुर स्थित चल्ती खाता नम्वर १९१००१००१७४४६५००००००१ मा जम्मा गरेको सक्कल भौचर फाराममा नत्थी गरी प्रतिष्ठानमा दर्ता गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको दरखास्त फाराम उपर कुनै कारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ । दरखास्त फाराम प्रतिष्ठानको वेबसाइट (www.nasc.org.np) बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

| वि.नं | पद | श्रेणी | पद संख्या | पदपूर्ति प्रकार | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| १/२०७९/८० | वरिष्ठ अध्ययन निर्देशक | विशिष्ट | १ | बढुवा | कर्मचारी सेवा नियमावली, २०७२ को नियम ५.१ बमोजिम योग्यता पुगेको। |
| २/२०७९/८० | अध्ययन उपनिर्देशक | अधिकृत द्वितीय | १ | बढुवा | कर्मचारी सेवा नियमावली, २०७२ को नियम ५.१ बमोजिम योग्यता पुगेको। |
| ३/२०७९/८० | प्रशासकीय तथा वित्तीय उपनिर्देशक | अधिकृत द्वितीय | १ | बढुवा | कर्मचारी सेवा नियमावली, २०७२ को नियम ५.१ बमोजिम योग्यता पुगेको। |
| ४/२०७९/८० | अध्ययन निर्देशक | अधिकृत प्रथम | १ | काज | कर्मचारी सेवा नियमावली, २०७२ को नियम ४.२(२) बमोजिम योग्यता पुगेको। |
| ५/२०७९/८० | प्रशासकीय तथा वित्तीय अधिकृत | अधिकृत तृतीय | १ | आ.प्र | कर्मचारी सेवा नियमावली, २०७२ को नियम ४.२(५) बमोजिम योग्यता पुगेको। |
| ६/२०७९/८० | प्रशिक्षण तथा अनुसन्धान अधिकृत | अधिकृत तृतीय | १ | आ.प्र. | कर्मचारी सेवा नियमावली, २०७२ को नियम ४.२(५) बमोजिम योग्यता पुगेको। |
| ७/२०७९/८० | अध्ययन निर्देशक | अधिकृत प्रथम | १ | खुला | (क) मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा प्रथम श्रेणी वा सो सरहमा स्नातकोत्तर तह उत्तीर्ण। (ख) कुनै सरकारी सेवा वा प्रचलित कानुनबमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा सात वर्षको |
| ८/२०७९/८० | अध्ययन निर्देशक | अधिकृत प्रथम | १ | खुला (महिला) | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अनुभव प्राप्त गरेको। तर विद्यावारिधिस्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।<br>उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निकायमा आंशिक रूपमा काम गरेको अनुभव सो प्रयोजनको लागि गणना हुनेछैन । "आंशिक रूपमा काम गरेको" भन्नाले प्रति हप्ता चालीस घण्टाभन्दा कम समय गरेको कामलाई जनाउँछ। |
| ९/२०७९/८० | प्रशासकीय तथा वित्तीय उपनिर्देशक | अधिकृत द्वितीय | १ | खुला | (क) मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा प्रथम श्रेणी वा सो सरहमा स्नातकोत्तर तह उत्तीर्ण।<br>(ख) कुनै सरकारी सेवा वा प्रचलित कानुनबमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको अनुभव प्राप्त गरेको। तर विद्यावारिधिस्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।<br>उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निकायमा आंशिक रूपमा काम गरेको अनुभव सो प्रयोजनको लागि गणना हुनेछैन। "आंशिक रूपमा काम गरेको" भन्नाले प्रति हप्ता चालीस घण्टाभन्दा कम समय गरेको कामलाई जनाउँछ। |
| १०/२०७९/८० | प्रशासकीय तथा वित्तीय अधिकृत | अधिकृत तृतीय | १ | खुला (महिला) | मान्यताप्राप्त विश्वविद्यालयबाट व्यवस्थापन विषयमा प्रथम श्रेणी वा सो सरहमा स्नातकोत्तर तह उत्तीर्ण। |
| ११/२०७९/८० | प्रशिक्षण तथा अनुसन्धान अधिकृत | अधिकृत तृतीय | १ | खुला (अपाङ्ग) | मान्यताप्राप्त विश्वविद्यालयबाट व्यवस्थापन वा विकास विषयमा प्रथम श्रेणी वा सो<br>सरहमा स्नातकोत्तर तह उत्तीर्ण। |
| १२/२०७९/८० | वरिष्ठ सहायक | सहायक प्रथम | २ | खुला | मान्यताप्राप्त विश्वविद्यालयबाट व्यवस्थापन वा सूचना प्रविधि विषयमा |

| | | | | | |
|---|---|---|---|---|---|
| १३/२०७९/८० | वरिष्ठ सहायक | सहायक प्रथम | १ | खुला (महिला) | प्रथम श्रेणी वा सो सरहमा स्नातक तह उत्तीर्ण। |
| १४/२०७९/८० | वरिष्ठ सहायक | सहायक प्रथम | १ | खुला (अपाङ्ग) | |

**परीक्षाको किसिम :** लिखित, प्रयोगात्मक (कार्यसम्पादन परीक्षण, प्रस्तुतीकरण, साइकोमेट्रिक टेष्ट) र अन्तर्वार्ता ।
काजमा पूर्ति गरिने पदको हकमा पदपूर्ति समितिले निर्धारण गरेबमोजिम प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताबाट उपयुक्तताको परिक्षण गरिनेछ।

**परीक्षा संचालन :** लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।

**परीक्षाको भाषा :** नेपाली वा अंग्रेजी वा दुवै

**दरखास्त फाराम र पाठ्यक्रम :** तोकिएका पदहरूको लागि दरखास्त फाराम र पाठ्यक्रम प्रतिष्ठानको वेबसाइट www.nasc.org.np बाट डाउनलोड गर्न सकिनेछ ।

**विकास सम्बन्धी विषयहरू :** अर्थशास्त्र, समाजशास्त्र/मानवशास्त्र, राजनीतिशास्त्र, ग्रामिण विकास, कम्प्युटर साइन्स, भूगोल, जनसंख्या अध्ययन र विकास व्यवस्थापन/अध्ययन अन्तरगत पर्ने अन्य विषयहरू ।

**समकक्षता :** समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपले दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

**समावेशी तर्फका उम्मेदवारहरूले पेश गर्नुपर्ने थप कागजातहरू** :

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको आधारमा।

**दरखास्त बुझाउने अन्तिम मिति :**

(क) खुला प्रतियोगितातर्फ २०७९/१२/२ र दोब्बर दस्तुर २०७९/१२/९ सम्म

(ख) आन्तरिक प्रतियोगिता र काजतर्फ २०७९/१२/२ सम्म

(ग) बढुवातर्फ २०७९/११/२६ सम्म

**सम्पर्क मिति :** २०७९/१२/१६

**तलब:** तलब र अन्य सुबिधाहरू प्रतिष्ठानको नियमानुसार हुनेछ । प्रतिष्ठानको कर्मचारी सेवा नियमावली, २०७२ प्रतिष्ठानको वेवसाइट www.nasc.org.np मा उपलब्ध छ ।

**परीक्षणकाल** : नियुक्ति गरिएका कर्मचारीको परिक्षणकाल महिलाको हकमा ६ महिना र पुरुषको हकमा १ बर्षको हुनेछ।

**सम्पर्क फोन नम्बर** : ०१–५५२२१६०, ०१–५५२२००२ Ext :२६१, २४०

सदस्य-सचिव
पदपूर्ति समिति